# भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ४९ औं बैठकका निर्णयहरु

## (मिति २०७७ पौष २६ गते)

निर्णय नं. १

भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७७ स्वीकृत गरी आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्न प्रस्ताव गरिएको तपसिल बमोजिमको तीन महले विधेयक स्वीकृत गरी आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिकाको जनस्वास्थ्य विधेयक, २०७७ लाई स्वीकृत गरी आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भारत सरकारको सहयोगमा भ.म.न.पा. वडा नं. ४ मा निर्माण हुने भू.पू. सैनीक कल्याणकारी क्लबको "नेपाल भारत मैत्री फेमीली वेलफियर पोलिक्लिनिक भवन" निर्माण कार्यान्वयनको लागि स्विकृती दिने र भारत सरकारबाट त्यस पोलिक्लिनिक भवन बनाउनको लागि प्राप्त हुने सहयोगमा २० प्रतिशतको अनुदान तथा लागतको सहभागीता जुटाईदिने निर्णय गरियो ।

निर्णय नं. ५

भारत सरकारको सहयोगमा भ.म.न.पा. वडा नं. ६ मा निर्माण हुने श्री सहिद स्मृती मा. वि. को नेपाल भारत मैत्री शैक्षिक भवन निर्माण कार्यान्वयनको लागि स्विकृती दिने र भारत सरकारबाट त्यस मा. वि. लाई प्राप्त सहयोगमा २० प्रतिशत अनुदान तथा लागत सहभागीता जुटाई दिने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिकाको गत आर्थिक वर्ष ०७६/७७ को समिक्षा र चालु आ. व. ०७७/०७८ को अर्धवार्षिक योजना, नीति तथा कार्यक्रमको प्रगति विवरण आजको बैठकका पेश भई छलफल भयो ।उक्त योजना, नीति तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष ०७७/७८ का लागि पेश गरिएको बजेटमा संशोधन सहित पेश भएको पूरक बजेट प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो। उक्त बमोजिम चालु आ. व. को बजेट देहाय बमोजिम कायम गर्ने निर्णय गरियो । उक्त बमोजिम चालु आ.व. को बजेट देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिलः

पूरक बजेट थप भएपछिको कुल आय र व्ययको विवरण-

(रु हजारमा)

| सि.नं. | विवरण | आय | व्यय | कैफियत |
|---|---|---|---|---|
| १ | आ. व. ०७७/०७८ | ४१५६४८९ | ४११५६४८९ | |
| २ | पूरक बजेटबाट थप हुने | ५६४२२५ | ५६४२२५ | |
| ३ | पूरक बजेट पश्चात आ. व. ०७७/०७८ को जम्मा आय व्यय विवरण | ४७२०७१४ | ४७२०७१४ | पूरक बजेट बाट थप |

निर्णय नं. ८

भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार प्रति लिटर दुधमा रू. ११- अनुदान कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावना पेश गर्ने प्रस्तावकका लागि तोकिएका विभिन्न मापदण्डहरूमध्ये तपसिलका दुईवटा मापदण्डका सन्दर्भमा पशु विमा गर्ने कम्पनीहरूमा एकै पटक विमाको चाप बढेको, न्यून कर्मचारी र अत्यधिक कार्यबोझका कारण समयमै विमा हुन नसकेको र गतवर्ष Covid-19 संक्रमणले गर्दा सरकारबाट जारी निशेधाज्ञाका कारण दुध संकलन र बजारीकरण गर्न नसकेकोले दुधको परिमाण न्यून हुन गएको कारणहरूलाई मध्यनजर गर्दै उक्त मापदण्डहरूलाई चालु आर्थिक वर्ष २०७७/०७८ का लागि निलम्वन गर्ने निर्णय गरियो ।

तपसिल

क. सहकारी संस्थाको हकमा प्रति सदस्य कम्तिमा एक पशु विमा गरेको प्रमाण ।

ख. अघिल्लो वर्ष यस प्रकारको अनुदान प्राप्त गरेको भए चालु वर्षमा अघिल्लो वर्षको भन्दा दुधको उत्पादन/संकलन/कारोवार कम नभएको प्रमाणित अभिलेख ।

निर्णय नं. ९

भरतपुर महानगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।सो अनुरुप देहायका कार्यक्रम कार्यान्वयनका लागि श्रम तथा रोजगार मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिलः

| क.सं. | वडा नं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | १ | टोड्के पार्क, बेलटाँडी पार्क, लखन पार्क, जोरकुसुम पार्क, ठिमुरा वृक्षारोपण क्षेत्र, बालकुमारी कन्या मा.वि. वरिपरि सरसफाई | |
| २ | ६ | नहरकुलो सफाई तथा मर्मत | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | ६ | हरियाली प्रवर्द्धन | |
| ४ | ८ | सिंचाई कुलो सफाई | |
| ५ | ८ | सडकमा ग्राबेल गरी सम्याउने | |
| ६ | ११ | नव जागृति वनमा वृक्षारोपण तथा सरसफाई | |
| ७ | १२ | राईनो पार्कमा विश्राम स्थल निर्माण र सरसफाई | |
| ८ | १३ | नहर र कुलो सरसफाई | |
| ९. | १६ | सडक किनारामा वृक्षारोपण तथा पार्क निर्माण | |
| १० | १७ | बनगाई चौकी र शिवालय मन्दिर परिसरमा सरसफँई र पार्क निर्माण | |
| ११ | १८ | जयवुद्ध टोलमा वाल निर्माण, बाटो विस्तार, कल्भर्ट मर्मत र सरसफाई | |
| १२ | १९ | दुर्घटनाग्रस्त बाटोको स्तर उन्नति | |
| १३ | १९ | वातावरण मैत्री स्वास्थ्य चिल्ड्रेन पार्क | |
| १४ | १९ | हिरयाली प्रवर्द्धन | |
| १५ | २३ | गौचरन क्षेत्रमा वर्षातको पानी कटान तथा निर्माण | |

निर्णय नं. १०

भरतपुर महानगरपालिकाले बागेश्वरी स्थित योगी नरहरिनाथ, प्राकृतिक चिकित्सालयमा सञ्चालित कोभिड-१९ आईसोलेसन केन्द्रलाई २०७७ पौष मसान्त पछि बन्द गर्ने निर्णय गरियो ।हाल सम्म उक्त आइसोलेसन केन्द्रमा भएको खर्च अनुमोदन गर्ने र केन्द्र संचालनमा सहयोग गर्ने सम्वद्ध सबैलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ११

भरतपुर महानगरपालिकाको मिति २०७७ पौष २७ गतेबाट आरम्भ हुने नगरसभाको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नेपाल कम्यूनिष्ट पार्टीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री श्री पुष्पकमल दाहाल( प्रचण्ड) ज्यूकी धर्मपत्नी तथा भरतपुर महानगरपालिकाको नगर प्रमुख श्री रेनु दाहालज्यूकी ममतामयी आमा श्री सीता दाहालज्यू हाल अस्वस्थ भई मित्रराष्ट्र भारतको मूम्बईमा उपचारत रहनु भएको हुँदा वँहाको शिघ्र स्वास्थ लाभको लागि हार्दिक कामना गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १३

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, नगर कार्यपालिकाद्धारा मिति २०७७ असार १० गतेदेखि मिति २०७७ पौष २७ सम्म गरेका निर्णयहरुलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

भरतपुर महानगरपालिका अन्तर्गतका तपसिल बमोजिमका नदी तथा खोल्चाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, बिक्री तथा व्यवस्थापनका लागि भरतपुर महानगरपलिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा (१४) बमोजिम प्राविधिक समितिबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो ।साथै उक्त प्रतिवेदनमा उल्लेखित परिमाणका आधारमा बोलपत्र आह्वन गरी ठेक्का मार्फत राजश्व संकलन गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएका नदी तथा खोलाहरु | वार्षिक उत्खनन् गर्न मिल्ने परिमाण | ठेक्कामा लगाउने परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | भरतपुर वडा नं. १७ मझुवा सामुदायिक वन अन्तर्गत नारायणी नदीको बगरक्षेत्र | ६१०००घ. मी. | ६५०००घ. मी. | |
| २. | भरतपुर वडा नं. १६, सिद्धि गणेश सामुदायिक वन अन्तर्गत नारायणी नदीको बगर क्षेत्र | ६७५०० घ.मी. | ६७५०० घ.मी. | |
| ३. | भरतपुर वडा नं. १६, ज्ञानेश्वर सामुदायिक वन अन्तर्गत नारायणी नदीको बगर क्षेत्र | ४०००० घ.मी. | ४०००० घ.मी. | |
| ४. | भरतपुर वडा नं. १, ठिमुरा क्षेत्र/त्रिशुली नदीको बगर क्षेत्र | ६७५०० घ.मी. | ६७५०० घ.मी. | |
| ५. | भरतपुर वडा नं. २९, गाईघाट र भोर्ले अन्तर्गत त्रिशुली नदीको बगरक्षेत्र अन्तर्गत ढुङ्गा,गिट्टी तथा बालुवा दिगो रुपमा संकलन, उत्खनन् कार्य । | २०००० घ.मी. | २०००० घ.मी. | |
| ६. | भरतपुर महानगरपालिका वडा नं. ४ स्थित शिवालय मन्दिर भंगेरीथान अन्तर्गत नारायणी नदीको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा दिगो रुपमा संकलन, उत्खनन् कार्य | २५००० घ. मी. | २५००० घ. मी. | अमानतबाट उत्खनन् तथा संकलन गर्ने |